आज मिति २०८१ साल जेठ ८ गतेका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रविप्रकाश राईको अध्यक्षतामा बसेको दशौं कार्यपालिका बैठकले निम्न कार्यसूची उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति:-

१ गाउँपालिका अध्यक्ष श्री रविप्रकाश राई
२, गाउँपालिका उपाध्यक्ष श्री निर्दिका राई
३, वडाअध्यक्ष वडा नं. -१ श्री हेमन्त राई
४, — ,, — वडा नं. २ श्री जितेन्द्र कुमार राई
५, — ,, — वडा नं. ३ श्री गोविन्द तामाङ
६, — ,, — वडा नं. ४ श्री अर्जुन कुमार कटवाल अनुपस्थित
७. — ,, — वडा नं. ५ श्री जिवन खत्री
८. कार्यपालिका सदस्य श्री मनकुमारी राई
९. — ,, — ,, — श्री सुजना वि.क.
१०. — ,, — ,, — श्री भगवती वि.क.
११ — ,, — ,, — श्री सार्मिला कट्टेल
१२. — ,, — ,, — श्री दिपक धुलार
१३. — ,, — ,, — श्री नरबहादुर दर्जी
१४. सदस्य सचिव नि.प्र.प्र.अ. श्री दुर्गाबहादुर राई

आमन्त्रित सदस्यहरु:-

१. MIS operator श्री दिल्लीमान राई
२. लेखापाल श्री उत्तम आचार्य
३. इन्जिनियर श्री नविन पौडेल

सहयोगी कर्मचारी

१. उमा कुमारी सुनुवार
२. राजन खड्का
३. नइन्द्रराज भुजेल

प्रस्ताव तथा कार्यसूचीहरु:-

१, बजेट रकमान्तर सम्बन्धमा ।
२. कार्यवाहक वडाअध्यक्ष सम्बन्धमा ।
३. विविध :
(क) प्रशासकीय भवन सम्बन्धमा ।
(ख) सामुदायिक स्वास्थ्य सेवा इकाईको सुचारुता तथा स्थानान्तरण सम्बन्धमा

निर्णयहरु:-

प्रस्तावनम्बर १ माथी छलफल गर्दा चालु आ.व. २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रम अन्तर्गत वडा नम्बर ४ को वडा सिलिङ मार्फत पिप्लाकु खेल/खानेपानी मर्मतमा विनियोजित १०००००/- एकलाख रुपैंया कार्यान्वयन गर्न नसकिने भनि बजेट रकमान्तरको माग सहित च.नं. २६८ मिति २०८२/०१/२६ को सिफारिस प्राप्त भएको हुंदा उक्त योजनाको बजेट "४ नं. वडा कार्यालय व्यवस्थापन" शीर्षकमा रकमान्तर गर्ने तथा वडा नं. १ को वडा सिलिङ बाट खत्रीगाउँ सडक निर्माणको लागि विनियोजित ५००००/-(पचास हजार) रकम "ढापटोल सडक निर्माण" तथा धुमा सडक निर्माणको लागि विनियोजित रु.१०००००/- (एकलाख रुपैंया) बजेट डांडाखेत चुइमारो सडक निर्माणमा रकमान्तर गर्ने, साथै वडा नं. ४ को भजन कृतन मन्दिर देउता खरीद शीर्षकमा विनियोजित रकम रु. ३००००/-(तीस हजार) रुपैंया बजेट 'भजन कृतन मन्दिरको भुँई ढलान' शीर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा साकेला गाउँपालिकाको वडा नम्बर ४ को वडाध्यक्ष अर्जुन कुमार कटवाल लामो समयदेखि वडामा अनुपस्थित हुँदा दैनिक सेवा प्रवाहमा समस्या हुन गई आई परेको समस्यालाई समाधान गर्नका लागि वडाका ज्येष्ठ सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक दिंदै आइएकोमा निज बिरामी हुँदा कार्यपालिका सदस्य श्री सर्मिला कट्टेललाई मिति २०८२ बैशाख ३ गतेको कार्यपालिका बैठकले कार्यवाहक अध्यक्ष तोक्ने निर्णय भएकोमा ज्येष्ठ सदस्य श्री भीमबहादुर खड्का उपचार पछि वडामा फर्किनु भएकोमा पुन निज वडा सदस्य श्री भीमबहादुर खड्कालाई कार्यवाहक वडाध्यक्ष तोक्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ३ को विविध (क) माथी छलफल गर्दा यस साकेला गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्वीकृत ड्रइङ तथा डिजाइनमा हात्तीपाइले, बिम र कोलमको जक्सन, कोलममा ल्यापिङ, हुक, डेभलपमेन्ट लेन्थ लगायतलाई जोड्न प्रयोग गरिने डण्डी आइटम भएको तर लागत अनुमानमा उक्त डण्डी आइटम नै छुट भएको देखिएको हुँदा निर्माण कम्पनी बाट सातौं रनिङ बिलको नापी किताबमा

पेश भएको उक्त छुट आइटम बराबर हुने भ्याट बाहेकको रकम रु. ६,२४,०६०/८० (अक्षरेपी सात लाख चौबिस हजार साठी पैसा असी मात्र) भुक्तानी गर्दा ठेक्का स्वीकृत गर्दाको बिओक्यूमा कबोल भएको भन्दा उक्त आइटम बढि भुक्तानी समेत नहुने भएकोले उक्त छुट आइटम बराबरको रकम भुक्तानी गर्ने निर्णय सर्वसहमत पारित गरियो ।

प्रस्ताव नम्बर ३ को विविधको (ख) माथी छलफल गर्दा साकेला गाउँपालिकाको वडा नम्बर १ (साविकको वडा नं. १ र २) सेर्खुवामा हाल ६०० भन्दा बढी नागरिकहरुलाई लक्षित गरी सामुदायिक स्वास्थ्य सेवा इकाईको भवन निर्माण सम्पन्न भइसकेको हुँदा आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी साकेला गाउँपालिकाको वडा नम्बर १ सेर्खुवामा सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना गर्ने सर्वसहमतद्वारा निर्णय पारित गरियो ।